# जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

कोटेश्वर, काठमाडौं।

फोन नं. ०१-४९९२१५२, ०१-४९९२१४९

(नेपाल सरकारको स्वामित्व भएको)

## सूचना

सूचना प्रकासित मितिः २०८३/०४/१४

यस कम्पनीबाट आ.व. २०८३/८४ मा उत्पादन हुने लोकप्रिय सन्चो ५ मि.लि. लगायत अन्य हर्बल केयरहरू (सन्चो बाम, सन्चो सिलाजित, हिमालयन मसाज आयल, सन्चो जटा केश तेल, सन्चो १० मि.लि.) को बिक्री वितरणलाई थप प्रभावकारी, व्यवस्थित तथा देशव्यापी पहुँच विस्तार गर्ने उद्देश्यले प्रदेशगत कार्यक्षेत्र विभाजन गरी बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि एक सुपर स्टकिष्ट र गण्डकी, कोशी, मधेश र लुम्बिनी प्रदेशका लागि एक सुपर गरी दुई(२) वटा सुपर स्टकिष्ट नियुक्त गर्नुपर्ने भएको हुँदा देहायका शर्तहरू पूरा गर्ने इच्छुक व्यापारिक फर्म, कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र कम्पनीको केन्द्रीय कार्यालय, कोटेश्वर, काठमाडौंमा कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेस गर्न हुन सूचना प्रकासित गरिएको छ।

१. कम्पनीको मौज्दातमा रहेको सन्चो ५ मि.लि.मध्ये **बागमती, कर्णाली र सुदुरपश्चिम प्रदेशका** लागि प्रस्ताव पेस गर्ने इच्छुक व्यापारिक फर्म, कम्पनीले न्यूनतम ४,५०,०००|०० (चार लाख पचास हजार) थान बराबरको हुन आउने रकम रु. १,५७,५०,०००|०० (अक्षरेपी एक करोड सन्ताउन्न लाख पचास हजार रुपैयाँ मात्र) र **गण्डकी, कोशी, मधेश, लुम्बिनी प्रदेशका** लागि प्रस्ताव पेस गर्ने इच्छुक व्यापारिक फर्म, कम्पनीले समेत न्यूनतम ४,५०,०००|००(चार लाख पचास हजार मात्र) थान बराबरको हुन आउने रकम रु. १,५७,५०,०००|०० (अक्षरेपी एक करोड सन्ताउन्न लाख पचास हजार रुपैयाँ मात्र) भन्दा कम नहुने गरी एकमुष्ट खरिद गर्ने सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

२. यसरी प्रत्येक कार्यक्षेत्रका लागि एकमुष्ट खरिदको प्रस्ताव गर्ने व्यापारिक फर्म, कम्पनीमध्ये अधिकतम खरिद प्रस्ताव गर्नेलाई सम्बन्धित कार्यक्षेत्रको सुपर स्टकिष्टको रूपमा छनौट गरिनेछ।

३. सुपर स्टकिष्टको रूपमा छनोट हुने व्यापारिक फर्म, कम्पनीले सम्झौता गर्दाको बखत प्रस्ताव गरेको एकमुष्ट खरिद रकम कम्पनीको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

४. यस आ.व. २०८३/८४ का लागि स्वीकृत सन्चो ५ मि.लि.को वार्षिक बिक्री लक्ष्य ५५,००,००० (पचपन्न लाख) थान परिपूर्तिका लागि प्रत्येक सुपर स्टकिष्टले आफूलाई तोकिएको कार्यक्षेत्रअनुसारको वार्षिक तथा मासिक विक्री लक्ष्य अनिवार्य रूपमा हासिल गर्नुपर्नेछ। कम्पनीले निर्धारण गरेको वार्षिक तथा मासिक विक्री लक्ष्य हासिल गर्ने सुपर स्टकिष्टलाई प्रोत्साहनस्वरूप देहायबमोजिम बोनस उपलब्ध गराइनेछ।

जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि.
नेपाल सरकारको स्वामित्व भएको
स्थापित: २०३८
कोटेश्वर, काठमाडौं

## तालिका नं. १: मासिक लक्ष्य विवरण (सन्चो ५ मि.लि.)

| अवधि / विवरण | कार्टुन (x२४० पिस) | जम्मा थान | रकम (रु., भ्याट सहित) | बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि नियुक्त सुपर स्टकिष्टको लक्ष्य (थान) | गण्डकी, कोशी, मधेश र लुम्बिनी प्रदेशका लागि नियुक्त सुपर स्टकिष्टको लक्ष्य (थान) |
|---|---|---|---|---|---|
| साउन | 100 | 24000 | 840000 | 12000 | 12000 |
| भदौ | 200 | 48000 | 1680000 | 24000 | 24000 |
| असोज | 500 | 120000 | 4200000 | 60000 | 60000 |
| कार्तिक | 1900 | 456000 | 15960000 | 228000 | 228000 |
| मंसिर | 2467 | 592000 | 20720000 | 296000 | 296000 |
| पुष | 3000 | 720000 | 25200000 | 360000 | 360000 |
| माघ | 3000 | 720000 | 25200000 | 360000 | 360000 |
| फागुन | 2000 | 480000 | 16800000 | 240000 | 240000 |
| चैत्र | 1500 | 360000 | 12600000 | 180000 | 180000 |
| बैशाख | 1500 | 360000 | 12600000 | 180000 | 180000 |
| जेठ | 1500 | 360000 | 12600000 | 180000 | 180000 |
| असार | 1500 | 360000 | 12600000 | 180000 | 180000 |
| वार्षिक लक्ष्य | **19167** | **4600000** | **161000000** | **2300000** | **2300000** |

## बोनस सम्बन्धी विवरण

- कम्पनीले प्रस्ताव गरेको सन्चो ५ मि.लि. न्यूनतम एकमुष्ट परिमाण (४,५०,००० थान) को हकमा कुनै बोनस दिइने छैन। तर, स्टकिष्टले न्यूनतम एकमुष्ट परिमाण (४,५०,००० थान) भन्दा बढी प्रस्ताव गरेमा उक्त बढी प्रस्तावित परिमाणमा मात्र २.५ प्रतिशत (%) ले हुन आउने बराबरको थप सन्चो ५ मि.लि. बोनसको रूपमा प्रदान गरिने छ।
- प्रत्येक सुपर स्टकिष्टले गरेको प्रारम्भिक एकमुष्ट खरिद परिमाण न्यूनतम तोकिएको खरिद परिमाण (४,५०,००० थान) भन्दा बढी भएमा, उक्त बढी खरिद परिमाणको अनुपातमा माथि उल्लेखित तालिका नं. १ बमोजिम निर्धारण गरिएको मासिक खरिद लक्ष्य पुनः समायोजन गरिनेछ।
- प्रारम्भिक एकमुष्ट खरिद परिमाणका आधारमा समायोजन भई कायम हुन आएको मासिक खरिद लक्ष्यको शतप्रतिशत खरिद गरेमा उक्त महिनाको कुल खरिद परिमाणको २.५ प्रतिशत (%) बराबरको थप सन्चो

५ मि.लि. बोनसको रूपमा प्रदान गरिनेछ। साथै, प्रत्येक महिनामा बोनस प्राप्त गर्न सो महिनाभन्दा अघिल्लो महिना सम्म कायम भएको सञ्चित खरिद लक्ष्यको कम्तीमा ८० प्रतिशत खरिद पूरा गरेको हुनुपर्नेछ।

- सन्चो ५ मि.लि. बाहेक अन्य हर्बल केयरहरू (सन्चो बाम, सन्चो सिलाजित, हिमालयन मसाज आयल, सन्चो जटा केश तेल, सन्चो १० मि.लि.) को हकमा बोनसको सुविधा लागुहुने छैन।

५. यस आ.व. २०८३/८४ का लागि स्वीकृत अन्य हर्बल केयरहरू (सन्चो बाम, सन्चो सिलाजित, हिमालयन मसाज आयल, सन्चो जटा केश तेल, सन्चो १० मि.लि.) को कुल वार्षिक बिक्री लक्ष्य ५२,००० (बाउन्न हाजर) थान रहेकोमा प्रत्येक सुपर स्टकिष्टको कार्यक्षेत्रअनुसार वार्षिक बिक्री लक्ष्य २६,००० (छब्बिस हजार) थान कायम गरी देहायबमोजिमको मासिक बिक्री लक्ष्य अनिवार्य रूपमा हासिल गर्नुपर्नेछ।

तालिका नं. २: मासिक लक्ष्य विवरण (अन्य हर्बल केयर) (/ सुपर स्टकिष्ट लक्ष्य)

| अवधि / विवरण | हिमालयन मसाज आयल ३० एम.एल | सन्चो बाम १० ग्राम | शिलाजित ४० ग्राम | जटा हेयर आयल ५० मि.लि | सन्चो १० मि.लि |
|---|---|---|---|---|---|
| साउन | ५०० | ५०० | २५० | ५० | १००० |
| भदौ | ५०० | ५०० | २५० | ५० | १००० |
| असोज | ५०० | ५०० | २५० | ५० | १००० |
| कार्तिक | ५०० | ५०० | २५० | ५० | १००० |
| मंसिर | ५०० | ५०० | २५० | ५० | १००० |
| पुष | ५०० | ५०० | २५० | ५० | १५०० |
| माघ | ५०० | ५०० | २५० | ५० | १५०० |
| फागुन | ५०० | ५०० | २५० | ५० | १००० |
| चैत्र | २५० | २५० | १२५ | २५ | १००० |
| बैशाख | २५० | २५० | १२५ | २५ | १००० |
| जेठ | २५० | २५० | १२५ | २५ | १००० |
| असार | २५० | २५० | १२५ | २५ | १००० |
| **वार्षिक लक्ष्य** | **५०००** | **५०००** | **२५००** | **५००** | **१३०००** |

६. प्रत्येक सुपर स्टकिष्टले आफूलाई तोकिएको कार्यक्षेत्रभित्र मात्र कम्पनीका उत्पादनहरूको बिक्री तथा वितरण गर्नुपर्नेछ। तोकिएको कार्यक्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री तथा वितरण गर्न पाइने छैन।

जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि.
नेपाल सरकारको स्वामित्व भएको
स्थापित: २०३८
कोटेश्वर, काठमाडौं

७. छनौटभएको सुपर स्टकिष्टले कम्पनीका उत्पादनहरू खरिद गर्दा रकम नगद, चेक वा अनलाईन भुक्तानी मार्फत खरिद गर्नु पर्ने छ।

८. सुपर स्टकिष्टले खरिद गरेको मालवस्तु कम्पनीले फिर्ता लिन वाध्य हुने छैन। म्याद, फिर्ता तथा प्रतिस्थापन सम्बन्धी व्यवस्था विक्री सम्झौतामा उल्लेख भएवमोजिम हुनेछ।

९. प्रत्येक सुपर स्टकिष्टले कम्पनीले तोकेको ढाँचामा मासिक विक्री विवरण तथा मौज्दात विवरण प्रत्येक तीन महिनाको अन्तरालमा अनिवार्य रूपमा कम्पनीमा पेस गर्नुपर्नेछ।

१०. स्टकिष्टको लागी दर्खास्त दिंदा देहाय बमोजिम कागजात संलग्न गर्नुपर्ने छ।

- निवदेन
- कम्पनी दर्ता प्रमाण-पत्र
- स्थायि लेखा नम्वर
- २०८१/८२ को कर चुक्ता प्रमाण पत्र
- कम्पनीले तोके बमोजिमको मासिक तथा वार्षिक लक्ष्य अनरूप खरिद गर्ने प्रतिज्ञापत्र

११. सुपर स्टकिष्ट दिने नदिने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।